**समुदायको भनाईः** त्रियुगा नगरपालिकाको वडा नं ७ स्थित लालीगुराँस टोल विकास संस्थाका बलबहादुर तामाङ्, वर्ष ४७ भन्नुहुन्छ "मेरो ट्यूबवेलमा आईरनको मात्रा ज्यादा थियो तर त्यसलाई हटाउने उपाय मलाई थाहा थिएन थोरै लगानीमा आईरन युक्त पानीलाई आईरन मुक्त बनाउन सकिने रहेछ । म अहिले वायोस्याण्ड फिल्टर प्रयोग गरिरहेको छु, यो प्रविधि सिकाई दिएकोमा म यूम्स्लाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।"

**समुदायको भनाईः** त्रियुगा नगरपालिका वडा नं ११ स्थित लालपत्ता टोल विकास संस्था निवासी मन्दिरा थापा, वर्ष २५ भन्नुहुन्छ, "पहिला खाना खानु अघि र शौचालयमा गएर आएपछि हातधुने बानी त थियो तर शहरी वातावरण व्यवस्थापन समाज(यूम्स्)को समुदाय परिवर्तन वाहकको रूपमा काम गर्दै आएपछि खाना पकाउनु भन्दा अघि पनि साबुन पानीले हात धुनु पर्छ भन्ने जानकारी पाएँ र सो व्यवहार मैले पूर्ण रूपमा पालना गरेको छु । यस परिवर्तनले गर्दा म धेरै खुसी छु ।"

## ४. खानेपानी, सरसफाइ र स्वास्थ्य सम्बन्धि जनसमुदाय र सरोकारवालाहरुको क्षमता बृद्धि गर्ने

यूम्स्ले परियोजना संचालन गरेको १३ वटा समुदायमा भौतिक पूर्वाधार निर्माणका साथै क्षमता अभिबृद्धिका कार्यक्रम पनि संचालन गर्दै आएको छ । खानेपानी सुविधा दिगो रुपमा संचालन तथा सुरक्षित बनाउनका निम्ति हालसम्म यूम्स्ले ३८ जना पानी स्वयंसेवक तथा २८ जना पम्प स्वयंसेवकलाई तालिम प्रदान गरेको छ । यसैगरी सुरक्षित शौचालय निर्माणका लागि १३ वटा टोल विकास संस्थाका ८४ सदस्य तथा १५ जना स्थानिय दक्ष मिस्त्रिलाई चर्पी निर्माण सम्बन्धि तालिम प्रदान गरेको छ । यसरी नै १३ वटा टोल विकास संस्थाको पदाधिकारीहरुलाई खानेपानी तथा सरसफाई सम्बन्धि अभिमुखिकरण तालिम, अवलोकन भ्रमण, चक्रिय कोष तथा मर्मत संभार कोषको उपयोगिता तथा फलदायिता सम्बन्धित तालिम पनि प्रदान गरेको छ ।

यसैगरी स्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गर्न महिला स्वास्थ्य स्वयंसेविका, विद्यालय शिक्षक तथा टोल विकास संस्था पदाधिकारी गरी जम्मा ६२ जनालाई प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको छ । नागरिक सरोकार मञ्च तथा त्रियुगा नगरपालिकाका पदाधिकारीलाई बिभिन्न अभिमुखिकरण, गोष्ठी, अवलोकन भ्रमण तथा तालिम प्रदान गरी खानेपानी तथा सरसफाइ सम्बन्धमा क्षमता अभिबृद्धि गर्न मद्दत गरेको छ ।

## ५. पैरवी कार्यक्रम

त्रियुगा नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वास्थ्य क्षेत्रमा विद्यमान चुनौती र पछाडि पारिएका र आवाज विहिन जनताको आवाज सरोकारवाला निकाय सम्म पुऱ्याइ सकरात्मक समाधानका निम्ति सरोकारवाला निकायहरुलाई उत्प्रेरित गर्न तथा पहलकदमी लिनका निम्ति जागरुक गर्न शहरी वातावरण व्यवस्थापन समाज (यूम्स्)को पहलमा नागरिक सरोकार मञ्च, उदयपुर गठन भएको छ । यो मञ्चले यूम्स् सँगको सहकार्यमा विभिन्न सभा, गोष्ठी तथा कार्यक्रम मार्फत नगर क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वास्थ्यको पहुँच बृद्धि र सु-शासनका लागि पैरवीका कार्यक्रम संचालन गरी निम्न उपलब्धि हासिल गरेका छन्:

- त्रियुगा नगरपालिकामा नगरस्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन
- नगर स्तरीय एकिकृत योजना तर्जुमा समितिको खानेपानी तथा सरसफाइ क्षेत्रमा ध्यानाकर्षण
- खानेपानी तथा सरसफाइ क्षेत्रमा बजेट विनियोजनमा बृद्धि
- त्रियुगा नगरपालिका भित्रका नीजि तथा सामुदायिक विद्यालयमा खानेपानी तथा सरसफाइको अवस्थाबारे अध्ययन र प्रतिवेदन तयार
- नगरपालिका भित्रका १०१ वटा पानीका स्रोतहरुको गुणस्तर जाँच
- अमूर्त एफ.एम. सँगको सहकार्यमा खानेपानी, सरसफाइ तथा स्वास्थ्य सम्बन्धि जनचेतना बृद्धिका लागि रेडियो कार्यक्रम संचालन ।

**यूम्स्ले विगत ३ बर्ष (२०६७ देखि २०६९ सम्म)मा कार्यक्रम संचालन गरेका टोल बिकास संस्थाको नामावली**

- बबिया टोल विकास संस्था, त्रि.न.पा. ६
- मनकामना टोल विकास संस्था, त्रि.न.पा. ६
- बरगाछी टोल विकास संस्था, त्रि.न.पा. ६
- राजदेवी टोल विकास संस्था , त्रि.न.पा. ६
- नमूना थारु टोल विकास संस्था, त्रि.न.पा. ६
- नयाँवस्ती टोल विकास संस्था, त्रि.न.पा. ६
- लालीगुराँस टोल विकास संस्था, त्रि.न.पा. ७
- मूनाल टोल विकास संस्था, त्रि.न.पा. ७
- सत्यदेवी टोल विकास संस्था, त्रि.न.पा. ७
- शान्तिनगर टोल विकास संस्था, त्रि.न.पा. ११
- लालपत्ता टोल विकास संस्था, त्रि.न.पा. ११
- लालपत्ता चोक टोल विकास संस्था, त्रि.न.पा. ११
- रानाचौरी टोल विकास संस्था, त्रि.न.पा. ११

### कार्यक्षेत्र




**थप जानकारीको लागि**

**शहरी वातावरण व्यवस्थापन समाज (यूम्स्)**

**केन्द्रिय कार्यालय**

सिन्चाहिटी-१७, ललितपुर उपमहानगरपालिका

फोन नं.०१ ५००३५२०, पो.ब.नं.२७१, ललितपुर, नेपाल

वेभसाइट : www.uems.org.np

**फिल्ड अफिस**

गाईघाट-२, त्रियुगा नगरपालिका, उदयपुर

फोन नं. ०३५ ४२१३९८, इमेलः uems@wlink.com.np



संस्था दर्ता नं.०५/२०५९/०६० जि.प्र.का.,ल.पु.

समाज कल्याण परिषद आवद्धता नं.१३७५०


# एकिकृत त्रियुगा खानेपानी, सरसफाइ तथा स्वास्थ्य परियोजना



शहरी वातावरण व्यवस्थापन समाज

Urban Environment Management Society

## पृष्ठभूमिः

त्रियुगा नगरपालिका नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा रहेको उदयपुर जिल्लाको एक मात्र नगरपालिका हो । यसको क्षेत्रफल २६४.२६ वर्ग कि.मि. रहेको छ र भौगोलिक हिसावले यो सबै भन्दा ठूलो नगरपालिका हो । कुल ७०,००० जनसंख्या रहेको यस नगरपालिकामा जम्मा १५,९२६ घरधुरी छन् (राष्ट्रिय जनगणना, २०११) । यस नगरपलिकामा ९.१% घरधुरी अत्ति गरीब, २२.७% घरधुरी गरीब, २६.६% घरधुरी मध्यम बर्गीय र १०.२% घरधुरी धनी छन् । ३१.४% घरधुरीले आफ्नो आर्थिक अवस्था खुलाएका छैनन् । जातजातिको हिसाबले ४६% घरधुरी जनजाति छन्, ३९% ब्राह्मन, क्षेत्री र अन्य बर्गका छन् भने १३% घरधुरी दलितका छन् (यूम्स्,२०६६) ।

## त्रियुगा नगरपालिकामा खानेपानी, स्वास्थ्य तथा सरसफाइको अवस्थाः

नगरक्षेत्र भित्र खानेपानी, स्वास्थ्य तथा सरसफाइको अवस्था निकै चुनौतीपूर्ण छ । शहरी वातावरण व्यवस्थापन समाज (यूम्स्)ले २०६६ सालमा गरेको प्रारम्भिक अध्ययन अनुसार यस नगरपालिकाको कुल घरधुरीको १४.७% घरधुरीले मात्र धाराको पानी प्रयोग गर्छन् । यसैगरी कुल घरधुरीको ४७.३% घरधुरीमा मात्र सुरक्षित शौचालयको व्यवस्था छ भने ११.६% घरधुरी असुरक्षित शौचालय प्रयोग गर्छन् । यस्तै ३९% जनता मात्र जोखिमपूर्ण अवस्थामा हात धुने गरेको छ भने २०% जनताले मात्र पानी शुद्धिकरण गरी पिउँछन् । सुरक्षित खानेपानीको अभाव तथा सरसफाइमा सुविधाको कमिले गर्दा पानीजन्य रोग तथा सरसफाइको कमिले हुने रोगका विरामी अधिक छन् ।

यिनै अवस्थालाई मध्यनजर गर्दै यूम्स्ले वि.सं २०६७ साल देखि त्रियुगा नगरपालिकामा एकिकृत खानेपानी, सरसफाइ तथा स्वास्थ्य परियोजना सञ्चालन गर्दै आएको छ । यस प्रकाशनमा यूम्स्ले बिगत ३ वर्षमा त्रियुगा नगरपालिकामा गरेका केहि कार्य र त्यसका उपलब्धी सारासंमा प्रस्तुत गरिएको छ ।

## परियोजनाको उद्देश्यः

१) गरीब र पछाडि पारिएका समुदायमा सुरक्षित खानेपानीको पहुँचमा बृद्धि गर्ने ।
२) गरीब र पछाडि पारिएका समुदायमा सुरक्षित शौचालय तथा सरसफाइको पहुँचमा बृद्धि गर्ने ।
३) स्वास्थ्य तथा सरसफाइ सम्बन्धि बानी व्यवहारमा परिवर्तन ल्याई स्वास्थ समाजको बिकास गर्न टेवा पुऱ्याउने ।
४) खानेपानी, सरसफाइ र स्वास्थ्य सम्बन्धि जनसमुदाय र सरोकारवालाहरुको क्षमता बृद्धि गर्ने
५) खानेपानी, सरसफाइ र स्वास्थ्य सम्बन्धि सु-शासन र पहुँच बृद्धिका लागि पैरवी गर्ने ।

## प्रमुख उपलब्धिः

### १. सुरक्षित खानेपानीको पहुँच बृद्धि

#### क) समुदाय स्तरमाः

यस संस्थाले बिगत ३ बर्षमा त्रियुगा नगरपालिकाको वडा नं ६, ७ र ११ का १३ वटा समुदायमा सुरक्षित खानेपानीको पहुँच बढाउन बिभिन्न कार्यक्रम संचालन गरेको छ । सो अन्तर्गत पानीको स्रोत जस्तैः इनार, ट्यूबबेलको निर्माण तथा मर्मत संभार गर्नुका साथै धारा प्रणालीबाट बितरित खानेपानी योजना स्थापना गरी समुदाय स्तरमा सुरक्षित खानेपानीको पहुँच बढाउन सहयोग पुऱ्याएको छ । हाल सम्म यूम्स्ले २७ वटा नयाँ ट्यूबवेल जडान, १४ वटा ट्यूबवेल मर्मत संभार, ५ वटा नयाँ इनार निर्माण र ८ वटा इनार मर्मत संभार गरी सहयोग पुऱ्याइ सकेको छ । यसैगरी २ वटा धारा प्रणालीबाट बितरित खानेपानी योजना (ग्राभिटि फ्लो सिस्टम)को पुनःस्थापना गरी संचालनमा ल्याएको छ ।




**समुदायको भनाईः** त्रियुगा नगरपालिका वडा नं. ६ स्थित बरगाँछि टोल विकास संस्थाका सचिब गोविन्द काफ्ले, वर्ष ४२ भन्नुहुन्छ, "खानेपानी को अभावमा गुज्रिरहेको अवस्थामा हामी बरगाँछि टोलबासीलाई १ ईनार मर्मत सम्भार, १ कल मर्मत सम्भार, र ३ वटा नयाँ कल जडान गरी खानेपानीको सुविधा दिनुभएकोमा यूम्स्लाई धन्यवाद ! हामीले सुविधा मात्र पाएनौ यसलाई दीर्घकालिन बनाउने उपाय र खानेपानीलाई कसरी सुरक्षित गर्न सकिन्छ भन्ने ज्ञान पनि पाएका छौं ।"

#### ख) विद्यालय स्तरमाः

विद्यालय स्तरमा सुरक्षित खानेपानीको पहुँच बढाउन यूम्स्ले बिगत ३ बर्षमा ४ वटा सामुदायिक विद्यालय (श्री जनक माध्यमिक विद्यालय-६, श्री राजदेवी प्राथमिक विद्यालय-६, श्री ईन्द्रवती प्राथमिक विद्यालय-११ र श्री पञ्चकन्या माध्यमिक विद्यालय-११)मा खानेपानीको व्यवस्था गरेको छ । सो का लागि ट्यूबवेल मर्मत संभारका साथै बायोस्याण्ड फिल्टर जडान गरिएको छ ।

### २. सुरक्षित शौचालय र सरसफाइको पहुँचमा बृद्धिः

#### क) समुदाय स्तरमाः

यूम्स्ले त्रियुगा नगरपालिकामा २०६६ सालमा गरेको प्रारम्भिक अध्ययन अनुसार पछाडि पारिएका र विपन्न वर्गका समुदायमा सरसफाइको कार्यक्रम संचालन गरी चर्पी निर्माणमा सहयोग पुऱ्याएको छ । यसै अन्तर्गत विगत ३ वर्षमा त्रियुगा नगरपालिका वडा नं. ६, ७ र ११ का १३ वटा समुदायमा जनचेतना अभिबृद्धि र आर्थिक सहयोग प्रदान गरी ७२० घरधुरीमा चर्पी निर्माण गर्न सहयोग पुऱ्याएको छ । यूम्स्ले कार्यक्रम संचालन गरेको त्रियुगा नगरपालिकाको वडा नं. ६ को ६ वटा टोल विकास संस्था मध्ये ५ वटा टोल विकास संस्थाले आ-आफ्नो समुदाय खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गरिसकेका छन् भने मुसहर समुदायको बाहुल्यता रहेको बबिया टोल विकास संस्था पनि खुल्ला दिसा मुक्त क्षेत्र घोषणा तर्फ अग्रसर रहेको छ । त्यस्तै कार्यक्रम संचालन गरेको वडा नं. ७ को ३ वटा टोल विकास संस्था र वडा नं. ११ को ४ वटा टोल विकास संस्था खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भइसकेका छन् ।




**समुदायको भनाईः** त्रियुगा नगरपालिका वडा नं ११ स्थित लालपत्ता टोल विकास संस्था निवासी वर्ष ६४ का नन्दलाल ढुङ्गाना भन्नुहुन्छ "टोलभरी जताततै फोहर देखिन्थ्यो, बाटो छेउछाउ हिँड्दा पनि दिसा कुल्चिएला कि भन्ने डर हुन्थ्यो र आफैले पनि चर्पी बनाएको थिइन । चर्पी हुँदाका फाईदाबारे जानकारी थिएन । तर अहिले मैले मात्र होइन, टोलबासी सबैले चर्पी बनाईसकेका छन् । पहिलेको अवस्था सम्झँदा लाज लाग्छ तर अहिले गर्वको महसुस गर्छु ।"

#### ख) विद्यालय स्तरमाः

यूम्स्ले त्रियुगा नगरपालिकाको वडा नं ६ स्थित श्री राजदेवी प्राथमिक विद्यालय र वडा नं ११ स्थित श्री ईन्द्रावती प्राथमिक विद्यालय, घनचक्रेमा नयाँ शौचालय निर्माण गरेको छ भने वडा नं ६ स्थित श्री जनक माध्यमिक विद्यालय र श्री पञ्चकन्या माध्यमिक विद्यालय, पात्लेबास गरी २ वटा विद्यालयमा शौचालय मर्मत संभार गरेको छ । यी सबै शौचालय निर्माण तथा मर्मत संभार गर्दा बाल, छात्रा तथा अपाङ्गमैत्री शौचालयको रुपमा बिकास गर्न बिशेष ध्यान दिइएको छ ।

### ३. स्वास्थ्य र सरसफाइ सम्बन्धि जनचेतना अभिबृद्धि र व्यवहारमा परिवर्तन

यूम्स्ले खानेपानी तथा शौचालय निर्माणका कार्यक्रम सँगै स्वास्थ्य र स्वच्छता सम्बन्धि कार्यक्रमलाई पनि एकिकृत रुपमा संचालन गर्दै आएको छ । यो एकिकृत कार्यक्रमले गर्दा रोगबाट बच्न र स्वस्थ रहन टेवा पुऱ्याउने विश्वास यूम्स्ले लिएको छ । स्वास्थ्य र स्वच्छता कार्यक्रम अन्तर्गत त्रियुगा नगरपालिकाको वडा नं. ६, ७ र ११ का लक्षित समुदायमा विशेषतः समुदाय तथा घरेलुस्तरमा खानेपानी शुद्धिकरण गर्ने विधि, ठोस तथा तरल फोहर व्यवस्थापन, जोखिमको अवस्थामा साबुनपानीले हात धुनुको महत्व, सुरक्षित शौचालयको प्रयोग आदि विषयमा जनचेतना अभिबृद्धिका कार्यक्रमहरु संचालन गरेको छ । यसका लागि बिभिन्न तालिम, सामुहिक छलफल, सडक नाटक, ऱ्याली, सप्ताहव्यापि अभियान आदि आयोजना गरी समुदायको जनचेतना अभिबृद्धि र व्यवहारमा परिवर्तन ल्याउन मद्दत गरेको छ । यस कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन परिवर्तनका वाहकहरु जस्तैः महिला स्वास्थ्य स्वयंसेविका, बाल समूह, किशोरी स्वास्थ्य समूह, शिक्षक-शिक्षिकाको क्षमता अभिबृद्धि गरी जनचेतना बढाउन परिचालन गरिएका छन् ।

२०६९ सालको अन्तमा स्वास्थ्य तथा स्वच्छतामा वानी व्यवहारमा परिवर्तन सम्बन्धि यूम्स्ले गरेको अनुगमन अनुसार त्रियुगा नगरपालिकाको वडा नं. ६, ७ र ११ का कार्यक्रम संचालित समुदायमा स्वास्थ तथा स्वच्छ वानी व्यवहार अपनाउने जनसंख्या ७१%, ९१% र ८८% रहेका छन् जुन प्रारम्भिक अध्ययन गर्दा ६०%, ३२% र ३९% मात्र रहेको थियो ।